Lumbini Finance & Leasing Co Ltd.
Symbol of Continuity & Realiabity

# लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तिय संस्था)

को

## बाह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तिय संस्था) को मिति २०६४/१२/१२ मा बसेको संचालक समितिको १७० औं बैठकबाट यस वित्तिय संस्थाको बाह्रौं बाार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न लिखित बिषयहरु उपर छलफल गर्नको लागि बस्ने भएकोले उक्त मिति स्थान र समयमा शेयरधनी महानुभावहरु आफु स्वयं वा रितपुर्वकको प्रतिनिधीद्धारा उपस्थित हुन अनुरोध गरिन्छ ।

## सभा हुने मिति, स्थान र समय

मिति: २०६५ साल बैशाख ०८ गते (तदनुसार २० अप्रिल २००८)
स्थान: रसियन कल्चरल सेन्टर , कमलपोखरी, काठमाडौं ।
समय: बिहान ११.०० बजे ।

## छलफलका बिषयहरुः

क) साधारण प्रस्ताव

१. बाह्रौ बार्षिक साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६४ साल आषाढ मशान्तको वासलात तथा आर्थिक वर्ष २०६३/६४ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रबाहको बिवरण पारित गर्ने ।
३. कम्पनीको लेखा परिक्षण समितिको सिफारिसमा आ.व. २०६४/६५ का लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने ।
४. संचालकहरुको बैठक भत्ता बृद्धि गर्ने सम्बन्धी प्रस्ताब पारित गर्ने ।

ख) बिशेष प्रस्ताव:

१. कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धी बिशेष प्रस्ताब पारित गर्ने । (हालको नाम लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) को सट्टा नामको पछाडी रहेको वित्तीय संस्था भन्ने शब्द हटाई साबिकको नाम लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड कायम गर्ने ।)
२. आ.ब. २०६३/६४ का लागि संचालक समितिले प्रस्ताब गरे बमोजिम चुक्ता पुँजीको २:१ का दरले बोनश शेयर जारी गर्ने बिशेष प्रस्ताब पारित गर्ने । (रु. १५,७९,०००/ नगद लाभांश स्विकृत गर्ने ।)
३. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने बिशेष प्रस्ताब पारित गर्ने ।
४. बिशेष प्रस्ताब अन्तर्गत बिषय सुची २ नं. बमोजिम बोनश शेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीमा २:१ का दरले हकप्रद शेयर जारी गर्ने बिशेष प्रस्ताब पारित गर्ने ।
५. उल्लेखित बिषय सुची नं. १, २, ३ र ४ अर्न्तगत पारित भएको बिशेष प्रस्ताबलाई समाबेश गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने बिशेष प्रस्ताब पारित गर्ने साथै साधारण सभाद्धारा स्विकृत सो प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय तथा अन्य निकायबाट स्विकृत गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार सोमा थपघट गर्न तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।
६. बिबिध ।

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. बाह्रौं बार्षिक साधारण सभाको प्रयोजनको लागि यस वित्तिय संस्थाको शेयर दाखिल खारेजको काम २०६४ साल चैत्र महिना २० गतेदेखि बैशाख ०८ गते सम्म बन्द रहने छ । हाजिरी पुस्तिका बिहान १०.०० देखि साधारण सभा रहुन्जेल सम्म खुल्ला रहनेछ ।

२. कम्पनीको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा पठाईनेछ । साथै कम्पनीको वेभसाईट मा पनि हेर्न सक्नुहुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले व्यक्तिगत रुपमा पठाईएको सूचना अथवा शेयर प्रमाणपत्र अथवा आफना परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपीसाथमा लिई आउनु हुन अनुरोध छ । कारणबश बार्षिक प्रतिवेदन नपाउनु भएमा यसै सुचनालाई आधार मानी उपस्थित हुनु हुन समेत अनुरोध गरिन्छ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालय त्रिदेवीमार्ग ठमेलमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

४. प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजीरी किताबमा दस्तखत गर्नु भएमा अघि दिईएको प्रोक्सी स्वतः बदर हुन्छ ।

५. नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नुहुनेछ ।

६. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन ।

७. छलफलको बिषय अर्न्तगत बिबिध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहेको बिषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको प्रधान कार्यालयमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

८. साधारण सभा सम्बन्धि अन्य जानकारीको लागि यस वित्तिय संस्थाको प्रधान कार्यालय त्रिदेवीमार्ग ठमेलमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले

कम्पनी सचिव


लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तिय संस्था)
(नेपाल राष्ट्र बैंकबाट “ग” बर्गको ईजाजत प्राप्त)
प्रधान कार्यालय त्रिदेवीमार्ग, ठमेल, काठमाडौं । फोन नं. ४४२३४४३, ४४२३४४५, ४४२२५४३ फयाक्स नं. ४४२५६५५
वेभसाईट : www.lumbinifinance.com
ईमेलः **lufil@mos.com.np**
शाखा कार्यालय
मानभवन, ललितपुर ।
फोन नं ५५३४२८१